का.जि.प्र.का.द.नं. १००/०५९/६०

८ जेठ २०८०,
सोमबार
22 May 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २१, अंक ११६ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

नक्कली शरणार्थी प्रकरण

प्रहरीको प्रारम्भिक निष्कर्ष

## रायमाझीसहित चार जना प्रमुख योजनाकार

नेपाल प्रहरीको आइतबारसम्मको अध्ययनको निष्कर्ष छ- नक्कली भुटानी शरणार्थी प्रकरणमा ३२ जना बढी संलग्न छन् । त्यसमध्ये मुख्य योजनाकार टोपबहादुर रायमाझीसहित ४ जना छन् ।



दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, ७ जेठ ।

नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने प्रकरणमाथिको अनुसन्धान जारी छ । तर नेपाल प्रहरीको आइतबारसम्मको अध्ययनको निष्कर्ष छ - नक्कली भुटानी शरणार्थी प्रकरणमा ३२ जना बढी संलग्न छन् । त्यस मध्ये मुख्य योजनाकार टोपबहादुर रायमाझीसहित ४ जना छन् । बालकृष्ण खाँण दोस्रो चरणमा संलग्न भएका हुन् ।

खाँण २०७८ पुस २९ मा गृहमन्त्री भए । त्यसपछि २०७९ पुस ११ सम्म गृहमन्त्री रहेका खाणसँग भुटानी शरणार्थीको कोटामा अमेरिका पठाउन खोज्ने गिरोहले मन्त्रालयमा नै भेटेर पटक-पटक छलफल गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ । प्रहरीको अनुसन्धान अनुसार, मुख्य योजनाकार अन्य नै रहेपनि बालकृष्णलाई नक्कली भुटानी शरणार्थी बनाउने गिरोहले दोस्रो चरणमा जोडेका थिए ।

यो प्रकरण अगाडि बढ्दा गृहमन्त्री रामबहादुर थापा बादल थिए । त्यसबेला बादलका सुरक्षा सल्लाहकार डा. इन्द्रजित राई, छोरा प्रतीक थापा र नेकपा एमालेका सचिव (हाल निलम्बन) टोपबहादुर रायमाझी योजना बनाएर अगाडि बढाएको >>> पृष्ठ २ मा

## अभियोग पत्रको ड्राफ्ट तयार

यसअघि प्रहरीले नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धान प्रतिवेदन पनि सरकारी वकिललाई बुझाउने भनेको थियो । तर अनुसन्धान गरिरहेको प्रहरीले अनुसन्धान जारी रहेको भन्दै आइतबार प्रतिवेदन बुझाएन ।

जिल्ला प्रहरी परिसर, काठमाडौंकाका अनुसार सरकारी वकिलसँग समन्वय गरेर काम भइरहेको छ । आइतबार राति काम सकेर सोमबार विहान अनुसन्धान प्रतिवेदन बुझाउने तयारी रहेको प्रहरीको छ ।

प्रहरीले अनुसन्धान प्रतिवेदन बुझाएपछि सरकारी वकिलको कार्यालयले >>> पृष्ठ २ मा

## ओलीको चेतावनी - निर्दोष नफसुन्

प्रमुख प्रतिपक्षी नेकपा एमालेका संसदीय दलका नेता केपी शर्मा ओलीले नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिकालगायत देशमा पठाउने प्रकरणमा दोषीलाई उम्काउने र निर्दोषलाई फसाउने काम भइरहेको टिप्पणी गरेका छन् ।

प्रतिनिधसभाको आइतबारको बैठकमा सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि आफ्नो धारणा राख्ने क्रममा उनले नक्कली भुटानी शरणार्थी प्रकरणमा प्रधानमन्त्री र गृहमन्त्रीको हात नहुने भन्दै प्रहरी प्रशासनलाई निष्पक्ष >>> पृष्ठ २ मा

अस्मिता बम/मध्यान्ह
काठमाडौं, ७ जेठ ।

हाल काठमाडौं उपत्यकाभित्र हुने सवारी दुर्घटनामा कमी आएको छ । आर्थिक वर्ष २०७९/८० को दश महिनामा ६.०५ प्रतिशतले दुर्घटनामा कमी आएको हो । ट्राफिक नियमसम्बन्धी विविध जनचेतनामूलक कार्यक्रमबाट दुर्घटना न्यूनीकरणको प्रयासले सफलता पाइरहेको बताउँछन् उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्र प्रसाद भट्ट ।

उनी भन्छन्, 'पछिल्लो समय ट्राफिक प्रहरीले विद्यालय, विभिन्न समुदाय र चालकहरुलाई ट्राफिक नियमसम्बन्धी चेतनामूलक कार्यममा सहभागी गराउँदै आइरहेको छ। यसबाट धेरै संख्यामा दुर्घटना न्यूनीकरण भइरहेको छ ।' साथै ट्राफिक नियमको उल्लङ्घन गर्ने सवारी चालकलाई जरीवाना सहित कारवाही गरिने गरेको भट्टको भनाइ छ ।

'सवारी चलाउँदा मोबाइल फोनको प्रयोग गर्ने, तीव्र गतिमा सवारी चलाउने, मादक पदार्थ सेवन गरेर सवारी चलाउने, रातो बत्ती क्रस गर्ने, गलत ओभर टेकजस्ता लापरवाहीले धेरैजस्तो दुर्घटना निम्तिन्छन्', >>> पृष्ठ २ मा

## १ सय ९१ जनाले ज्यान गुमाए

सवारी दुर्घटनामा न्युनीकरण आएको भएपछि १९१ जनाले ज्यान गुमाउनु परेको तथ्याङ्क छ । आर्थिक वर्ष २०७८/८९ को तथ्याङ्कलाई हेर्दा जम्मा दश हजार सात सय ३३ दुर्घटनामध्ये सबैभन्दा बढी दुर्घटना दुई पाङ्गेबाट निम्तिएको देखिन्छ ।

जसमा मोटरसाइक र स्कुटरबाट मात्रै आठ हजार तीन सय ३४ दुर्घटना भएका छन् । बस, माइक्रो जस्ता सवारी साधबाट दुई हजार १६ र कार, जिपबाट पाँच सय ३१ दुर्घटना भएका छन् । साथै ट्रक र टिपर लगायतका सवारीबाट पनि अधिक दुर्घटना हुने गरेका छन् ।

ती दुर्घटनामा परी एक सय ९१ जनाको मृत्यु भएको छ । दुई सय ९७ गम्भीर घाइते भएका छन् । सोही आर्थिक वर्षमा आठ हजार दुई सय ८१ जना सामान्य घाइते भएको उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

यसरी आव २०७७/७८ को तथ्याङ्कलाई हेर्दा सो आर्थिक वर्षमा गत वर्षको भन्दा न्यून संख्यामा सवारी दुर्घटना भएको पाइएको छ ।

जसमा जम्मा नौ हजार पाँच >>> पृष्ठ २ मा



## ७ प्रतिशतले घट्यो सवारी दुर्घटना

दुर्घटनामा कमी आए पनि पूर्णरुपमा दुर्घटनारहित भने उपत्यका बन्न सकेको छैन । चालकहरूको लापरबाहीकै कारण धेरैले ज्यान गुमाउनु परेको छ ।

पछिल्लो समय ट्राफिक प्रहरीले विद्यालय, विभिन्न समुदाय र चालकहरुलाई ट्राफिक नियमसम्बन्धी चेतनामूलक कार्यक्रममा सहभागी गराउँदै आइरहेको छ । यसबाट धेरै संख्यामा दुर्घटना न्यूनीकरण भइरहेको छ ।

● राजेन्द्रप्रसाद भट्ट
प्रहरी वरिष्ठ उपरीक्षक, उपत्यका ट्राफिक प्रहरी कार्यालय

## वैदेशिक रोजगार विशेष

### होटल तथा पार्टी प्यालेसलाई विभागको आग्रह

## 'अनुमति नलिएकालाई अन्तर्वार्ताका लागि स्थान उपलब्ध नगराउन्'

मध्यान्ह संवाददाता
काठमाडौं, ७ जेठ

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारका लागि कामदार छनोट गर्न विभागबाट अनुमति नलिएका व्यक्ति वा संस्थालाई अन्तर्वार्ताका लागि स्थान उपलब्ध नगराउन होटल तथा पार्टी प्यालेसहरूलाई आग्रह गरेको छ ।

विभागले शनिबार गैरकानूनी विज्ञापनका आधारमा नेपालीसँग अन्तर्वार्ता गर्ने पोल्याण्डका नागरिक एलेग फेडोसिक र दुबईका ज्याट फियागोसिकलाई होटल मेरियटबाट पक्राउ गरेको थियो । आइतबार विभागले सार्वजनिकरूपमा सूचना प्रकाशित गरी अन्तर्वार्ताका लागि स्थान दिनु अघि विभागबाट अनुमति लिए-नलिएको एकिन गर्न आग्रह गरेको हो ।

आइतबार प्रकाशित सूचनामा विभागले पछिल्लो समयमा सामाजिक सञ्जाल टिकटक, फेसबुक तथा भाइबरमार्फत नेपालीलाई विभिन्न मुलुकमा आकर्षक तलब सुविधाको प्रलोभनमा पार्ने र रकम असुली गरी अलपत्र पार्ने गैरकानूनी कार्य बढ्दै गएको भन्दै त्यसमा विभागको गम्भीर ध्यानाकर्षण भएको बताएको छ ।

विभागले वैदेशिक रोजगारका लागि सामाजिक सञ्जालमा आउने आकर्षक विज्ञापनको पछि नलाग्न र विभागबाट इजाजत प्राप्त म्यानपावर कम्पनीमा मात्रै सम्पर्क गर्न आग्रह गरेको छ । वैदेशिक रोजगार ऐनको दफा १५ अनुसार >>> पृष्ठ २ मा

### वैदेशिक रोजगारमा जानेको संख्या घट्दै

**काठमाडौं/मस-** पछिल्ला महिनामा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्यामा कमी आइरहेको छ । वैदेशिक रोजगार विभागका अनुसार चालु आर्थिक वर्षको दश महिनामा ६ लाख ६० हजार २ सय ५५ जनाले श्रम स्वीकृति लिएका छन् । त्यसमध्ये ४ लाख २१ हजार २ सय ७९ जनाले नयाँ र २ लाख ४४ हजार ९ सय ९६ जनाले पुन: श्रम स्वीकृति लिएका हुन् ।

वैशाखमा नयाँ र पुन: श्रम स्वीकृति गरी ५४ हजार ४ सय ५७ जनाले श्रम स्वीकृति लिएका छन् । जसमध्ये ४ हजार ९ सय ४८ जना महिला र ४९ हजार ५ सय ९ जना पुरुष श्रमिक छन् । >>> पृष्ठ २ मा

### पोर्चुगलमा एक नेपालीको निधन

**पोर्चुगल/रासस-** वैदेशिक रोजगारीको सिलसिलामा आठ महिनाअघि पोर्चुगल आएका एक नेपाली युवाको निधन भएको छ । बाँकेको खजुरा गाउँपालिका-१ चन्द्रनगरका ३३ वर्षीय गणेशमान साराङकोटीको गत शुक्रबार सुतेकै अवस्थामा निधन भएको हो ।

साराङकोटीको पोर्तीमाउस्थित आफ्नै कोठामा सुतेकै अवस्थामा निधन भएको गैरआवासीय नेपाली संघ पोर्चुगलका अध्यक्ष रविन अधिकारीले जानकारी दिए । बिहीबार राति कामबाट आएर सुतेका उनी शुक्रबार बिहान ओछ्यानमै मृतावस्थामा भेटिएको अध्यक्ष >>> पृष्ठ २ मा

UAE को प्रतिष्ठित कम्पनीमा SECURITY गार्डहरूलाई रोजगारको अवसर

कम्पनी: BLUE DIAMOND SECURITY SERVICES LLC शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०७८/०६/१२ चलानी नं.:६०१६४५७० LT. No.: 247085 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Security Guard | 26 | 0 | स. काममा दक्ष | 1200 | ४३,१२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता २०८० जेठ ११, १२ र १४ गते (25, 26 & 28 May 2023) मा हुनेछ ।

नोट:
- Basic Salary मा 1200 भएपनि Security Allowance र Overtime सहित 2000 AED हुनेछ ।
- राम्रोसंग अंग्रेजी बोल्न, लेख्न सक्ने र उचाई ५.६ इन्च माथि हुनु पर्नेछ ।
- उमेर २२ वर्ष देखि ३७ वर्ष र DPS/SIRA Certificate भएको हकमा ४१ वर्षसम्मकोले अन्तर्वार्ता दिन सकिनेछ ।
- गल्फ, मलेसिया रिटर्न तथा नेपालमै सेकुरिटी सम्बन्धी काम गरेका वा नगरेको जो कोहीले अन्तर्वार्ता दिन सकिनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटो हुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 4987207 | 4982296 | E-mail : pro@anjalioverseas.com.np
Mobile No.: 9801012690 | 9801175502 | 9801175503 | 9801051244
श्रम इजाजत नं. ६३९/०६३/०६४

मध्यान्ह
www.madhyanhadaily.com

८ जेठ २०८०, सोमबार
22 May 2023, Monday

# आश्वासनमा सीमित सरकार

कान्ति न्यौपाने/मध्यान्ह
काठमाडौं, ७ जेठ ।

गत शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलले करिब २ घण्टा  भन्दा बढी समय लगाएर संसदमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरे । तर, अघिल्ला वर्षहरुमा जस्तै यो वर्षको नीति तथा कार्यक्रम आश्वासन केन्द्रित बाहेक बन्न सकेन । अझ नेकपा एमालेका अध्यक्ष केपी ओलीले त संसदमा बोल्दै सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रम उच्च आर्थिक वृद्धि हासिल गर्ने कुनै योजना नै नभएको भन्दै पुर्नलेखन गर्ने सुझाव समेत दिएका छन् ।

'यो नीति तथा कार्यक्रम पारितका लागि पुर्नलेखनको लागि सरकारलाई समय दिन्छु । प्रतिपक्ष तथा सरकारमा रहेकाले अप्ठ्यारो पार्छ भन्ने लाग्छ भने पुनर्लेखन गर्नुपर्छ' ओलीले भने । उनले आधुनिक पूर्वाधार निर्माणका कार्यहरू तीव्र गतिमा अघि बढाउने उत्साह नै नभएको बताएका हुन् । उनले बताएजस्तै सरकारले शान्ति प्रक्रियाका कामलाई दुई बर्षभित्र टुङ्गोमा पुराउने, भ्रष्टाचारबिरुद्धको अभियानलाई तीव्रता दिने जनाएको छ। तर, सरकारभित्र रहेका वा आफ्नो पार्टीभित्र भएका अनियमितता र भ्रष्टाचारबारे भने अहिलेसम्म पनि खोजी गरेको छैन ।

त्यस्तै, सरकारले सातै प्रदेशमा



मेडिकल कलेज स्थापना गर्ने र सामाजिक सुरक्षा भत्तालाई विद्युतीय माध्यमबाट भुक्तानी गर्ने विषयमा जोड दिएको छ । काठमाडौं उपत्यकालगायत नदी आसपासका सुकुम्बासी हटाउने घोषणा गरेको छ ।

नीति तथा कार्यक्रममा काठमाडौं उपत्यकालगायत अन्य स्थानका नदी किनारआसपास रहेका वास्तविक विपन्न र भूमिहीनलाई उपयुक्त स्थानमा स्थानान्तरण गर्ने जनाएको छ । तर, दशकौंदेखिका सरकारले सुकुम्बासी हटाउने गरि देखाएको सपना अहिलेको सरकारले पनि देखाएको छ। तर, कहाँ, कसरी र कहिलेसम्म हटाउने भन्नेमा सरकार नै प्रष्ट छैन ।

'अहिलेको नीति तथा कार्यक्रम पनि कर्मकाण्डी नै छ, हरेक वर्षजस्तै आश्वासनका पुलिन्दा बाँढ्ने तर उक्त योजनाको कार्यान्वयन नगर्ने क्रम दोहोरिदौं छ, यो दुखद कुरा हो' राजनीतिक विश्लेषक विष्णु दाहालले भने ।

उनले सरकारले आर्थिक प्रशासनलाई पारदर्शी, नतिजामुखी र सूचना प्रविधिमा आधारित बनाइने विषय नीति तथा कार्यक्रममा उल्लेख गरेपनि कार्यान्वयनको पाटो भने फितलो देखिएको बताएका हुन् ।

वैदेशिक रोजगारीमा रहेका युवाहरुलाई सामाजिक सुरक्षा कोषमा जोड्ने, क्षेत्रीय अस्पताललाई पनि मेडिकल कलेजमा स्तरोन्नति गर्ने र आयात कमी गर्ने विषयलाईं प्राथमिकताका साथ उठाएको छ। अझ वैदेशिक रोजगारीप्रतिको आकर्षण कम गर्न देशमै उद्योग कलकारखानाको विकास गर्ने बताएपनि भएकै कलकारखाना समेत बन्द भएर चल्न नसक्ने अवस्थामा पुगेका छन् । जग्गाको कारोबारलाई थप व्यवस्थित र पारदर्शी बनाउने तथा लिजमा उपलब्ध गराइएका जग्गाको प्रयोग उद्देश्य अनुरुप प्रयोग भए नभएकोसमेत अनुगमन गर्ने, सहकारीमा देखिएको समस्या नियन्त्रणका लागि हस्तक्षेपकारी भूमिका खेल्ने विषय पनि उल्लेख छ ।

विकास निर्माणका काम समयमै सक्न दबाव दिने र गुणस्तरहीन काम गर्नेलाई कडा कारवाही गर्ने विषयलाई सरकारले जोडदारका साथ उठाएपनि असारे विकास भने रोकिन सकेको छैन ।

वर्षेनि जस्तै अर्थतन्त्र सुधार्ने वा रोजगारीको अवशर सिर्जना गर्ने विषयलाई सरकारले प्राथमिकतामा राखेको बताएपनि सो हालसम्म कार्यान्वयनमा आउन सकेको छैन । सरकारका हरेक काम निर्देशन र आश्वासनमा सीमित हुँदा अर्थतन्त्र सुधारको योजना योजनामै सीमित बनेको छ ।

# गौर भन्सार सिण्डिकेटबाट चलेको आरोप

प्रेमचन्द्र झा/मध्यान्ह
रौतहट, ७ जेठ

रौतहटस्थित गौर भन्सार कार्यालय सिण्डिकेटबाट चल्ने गरेको आरोप लागेको छ । गौर भन्सार कार्यालयको एजेण्टका रुपमा रहेका केही एजेण्टले नै दादागिरी गरेर चलाएको कर्मचारीहरुले आरोप लगाएका छन् । एक कर्मचारीले भने, 'दादा' ले चाहेन भने गौर वडा नम्बर १ का केही परिवार बाहेक न लिलाम सकार गर्न पाउँछन्, न त लिलामी सकार गरी सकेका सामान समेत उठाउन सक्दछन् ।'

कर्मचारीले थपे, 'हामी सूचना टाँस गरी रहेका हुन्छौं,  तर भन्सार एजेन्टका कारण गौर बाहिर मानिसको  सहज आवागमन नै छैन । भित्र गएर पनि के गर्ने सामान लिन सकिँदैन । लिएपनि बाहिर लैजान सकिँदैन ।'

भन्सार विभागले दिएको राजश्व उठाउने लक्ष्य समेत यसै कारण पूरा हुन सकेको छैन । तोकेको राजश्व नउठाउँदा देशकै आर्थिक नोक्सानी भइरहेको छ ।



भन्सारमा सामान उठाउन अघोषित सिण्डिकेट तोड्न सरोकारवालाको गम्भीर ध्यानाकर्षण हुन जरुरी रहेको कर्मचारीहरुको माग छ ।

विभिन्न मुद्दामा पक्राउ गरी लिलामका लागि थन्क्याएर राखिएको करिब २ हजार मोटरसाइकल अहिले अस्तव्यस्त भएका छन् । गौर भन्सार क्षेत्रमा रहेको प्रहरी चौकी मोटरसाइकलले पुरिएका छन् । २१ लाखको १३ सय बोरा युरीयामल १० लाख रुपैयाँमा लिलाम गरेपछि गौर भन्सार कार्यालयले निकै चर्चा पाएको छ । सो घटनाबारे जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रसहितले अनुसन्धान गरिरहेका छन् ।

गौर भन्सारको मल लिलामीमा समेत भन्सार एजेन्ट पवन साहले ठूलो चलखेल गरी हाल फरार रहेको जिल्ला प्रशासन कार्यालय रौतहट स्रोतले बताएको छ । यसबारे भन्सार प्रमुख वादेव नेपालसँग बुझ्दा एजेन्ट पवन साह र कौसल साह दुवैको कमिकमजोरी बारे सूक्ष्म तबरले अनुसन्धान गर्ने बताए ।

## नक्कली...

पाइएको अनुसन्धानमा संलग्न प्रहरी अधिकृतहरु बताउँछन् ।

यस आधारमा प्रहरीले निष्कर्ष निकालेको छ - शरणार्थीको नाममा ठगी धन्दा चलाउने मुख्य योजनाकार टोपबहादुर रायमाझी, बादलका सुरक्षा सल्लाहकार डा. राई, मोरङ घर भएका केशव दुलाल र ललितपुर घर भएका सानु भण्डारी नै हुन् ।

शरणार्थी प्रकरणमा अनुसन्धानका क्रममा हालसम्म १६ जना पक्राउ परेका छन् ।

जसमा एमाले नेता तथा प्रतिनिधिसभा सदस्य टोपबहादुर रायमाझी, कांग्रेस नेता बालकृष्ण खाँण, गृहमन्त्रालयका तत्कालिन सचिव टेकनारायण पाण्डे, पूर्वसभासद आङटावा शेर्पा, तत्कालिन गृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा मामिला सल्लाहकार इन्द्रजित राईलगायत रहेका छन् ।

## ओलीको...

छानबिन गर्न दिनुपर्ने बताए । प्रमुख प्रतिपक्षी दलका नेता ओलीले नक्कली भुटानी शरणार्थी प्रकरणमा निर्दोषलाई फसाउन खोजिएको उनको आरोप छ । कसैलाई फसाउन वा कसैको पद रिक्त गराउनका लागि सरकार लागिपरेको उनको दाबी छ । उनले बयान र छानबिन प्रकरणलाई नजिकबाट एमालेले हेरिरहेको पनि बताए । आफ्नो प्रधानमन्त्री कार्यकालमा केही पनि नभएको बताउँदै ओलीले आफूमाथि पनि छानबिन गर्न चुनौती दिएका छन् ।

'म चुनौतीका साथ भन्न चाहन्छु म गृहमन्त्री भएँ, परराष्ट्रमन्त्री भएँ, प्रधानमन्त्री भएँ । छानबिन होस्, छानबिन गरियोस्, म चुनौतीका साथ भन्न चाहन्छु । हामी सधैं भ्रष्टाचारका विरुद्धमा छौं । छानबिन होस् भन्ने पक्षमा छौं,' चेतावनीको शैलीमा उनले भनेका छन, 'कोही पनि दोषी छुट्नुहुँदैन तर अहिले निर्दोष फसाउन प्रयास भइरहेको छ । म खबरदारी गर्न चाहन्छु, दोषी उम्काउने निर्दोष फसाउने यसप्रकारका प्रयास नगर्दा हुन्छ ।'

## अभियोग...

अभियोग पत्र तयार गरी जिल्ला अदालतमा मुद्दा पेश गर्छ । अनुसन्धान प्रतिवेदन प्राप्त भए पनि सार्वजनिक भएका विवरणका आधारमा सरकारी वकिलको कार्यालयले अभियोग पत्रको ड्राफ्ट तयार पारेको छ । नक्कली भुटानी

## ७ प्रतिशतले...

उनले भने । यस्ता किसिमका लापरवाहीले निम्तिने दुर्घटनामा कमी आओस् भन्नका लागि ठाउँ-ठाउँमा ट्राफिक प्रहरी तैनाथ रहेको उनले जनाए ।

दुर्घटनामा कमी आए पनि पूर्ण रुपमा दुर्घटनारहित भने उपत्यका बन्न सकेको छैन । चालकहरूको लापरवाहीकै कारण धेरैले ज्यान गुमाउनु परेको छ ।

## १ सय ९१ जनाले....

सय ४५ दुर्घटना रहेका छन् । त्यसमा एक सय ६६ जनाले ज्यान गुमाएका छन् । गम्भीर घाइतेको संख्या दुई सय २९ रहेको छ भने सामान्य घाइते सात हजार ९५ जना भएका छन् ।

दुर्घटनामा पर्नेहरू १७ देखि ३५ वर्षका धेरै

दुर्घटनामा सबै भन्दा बढी १७ देखि ३५ वर्ष उमेर समुहका मानिस संलग्न हुने गरेको प्रहरी वरिष्ठ उपरीक्षक भट्टको भनाइ छ । 'यो उमेर समुहका मानिसहरुले अन्धाधुन्द सवारी चलाउँछन् । सवारीको गति सीमित भएको ठाउँमा पनि नियम विपरीत जान्छन् । त्यसकारण पनि साना-ठूला दुर्घटना भइरहन्छन्', उनले भने ।

ट्राफिक प्रहरी दुर्घटना न्यूनीकरणमा प्रयासरत रहँदै आएको छ । प्रयासरत रहे पनि दुर्घटना शून्यमा झर्न भने सकेको छैन । चालकको लापरबाहीले दुर्घटना निम्तिने हुँदा स्वयम् चालक यसबारे संयमित हुन जरुरी छ । ट्राफिक नियमको पालना गर्नु हरेक सवारी चालको कर्तव्य हो ।

## होटल...

इजाजतपत्र प्राप्त संस्थाले मात्रै विभागबाट पूर्व स्वीकृतिको अनुमति लिएर कामदार छनोटको प्रक्रिया शुरू गर्न पाउने व्यवस्था छ ।

सामाजिक सञ्जालमा गैरकानूनी विज्ञापन प्रकाशित गरी अन्तर्वार्ता लिएको अभियोगमा पक्राउ परेका दुई जनालाई वैदेशिक रोजगार विभागले थुनामा राखेर अनुसन्धान गरिरहेको छ । आइतबार उनीहरूसँग विभागले भाषा अनुवादको सहयोगमा बयान लिएको छ ।

राजधानीमा शैक्षिक परामर्शदाताको काम गर्न खोलिएका एजुकेसन कन्सल्ट्यान्सीहरूबाट पनि क्यानडा, अमेरिका तथा युरोपेली मुलुकमा रोजगारीमा पठाउने भन्दै ठूलो संख्यामा राहदानी संकलन गरिएका समाचार सार्वजनिक भइरहेका छन् । व्यवसायीहरूले त्यस्ता कन्सल्ट्यान्सीमा पनि छापा मारेर गैरकानूनी काम गर्नेहरूलाई पक्राउ गर्नुपर्ने माग गरिरहेका छन् । शैक्षिक कन्सल्ट्यान्सीले अनधिकृतरूपमा विदेश पठाएर अलपत्र पार्ने तर त्यसको दोष वैधानिकरूपमा काम गर्ने आफूहरूले व्यहोर्नुपरेको गुनासो वैदेशिक रोजगार व्यवसायीहरूको छ । यसैबीच राजवंशी कोटामा वैदेशिक रोजगारीका लागि जापान लैजाने भन्दै ठगी गरेको अभियोगमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । जापानमा राजवंशी कोटा हुने र त्यसमा लैजाने प्रलोभन दिएर जापान बसेर आफन्तमार्फत ठगी गरेको भन्दै मोरङको सुनवर्षी नगरपालिका-६ का ३५ वर्षीय अजयकुमार राजवंशीलाई प्रहरीले पक्राउ गरेको हो ।

उनले सुरेन्द्र राजवंशीलगायत ३६ जनालाई जापान लैजाने भन्दै डेढ वर्ष अघिदेखि २ करोड ५३ लाख ७५ हजार रुपैयाँ ठगी गरेको जाहेरी परेको प्रहरीले बताएको छ। अजयले प्रमोदकुमार राजवंशी, रन्जितकुमार राजवंशी, विद्याकुमारी राजवंशी र अनुराधा राजवंशीको समूह बनाएर आफ्नै वरिपरिका नातेदारबाट रकम लिएर ठगी गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएको प्रहरीले बताएको छ । प्रहरीले अजयका बुवा विशमलाल राजवंशीलाई सोधपुछ गरी हाजिरी जमानीमा छाडेको बताएको छ ।

## वैदेशिक...

चैतमा उक्त संख्या ६१ हजार ४ सय ७८ थियो ।

कोरोना महामारीपछि मलेसिया जाने क्रम बढेको हो । त्यसयता निरन्तररूपमा मलेसिया जाने बढेका छन् । वैशाखमा मलेसिया जान १४ हजार ६ सय ३७, कतार जान १० हजार २ सय ३०, यूएई जान ९ हजार ४ सय ८३ र साउदी अरब जान ८ हजार ६ सय ८१ जनाले श्रम स्वीकृति लिएका छन् ।

कुवेत जान २ हजार १ सय १० जना, रोमानिया जान १ हजार ६ सय ६, जापान जान ८ सय १७, बहराइन जान ५ सय ५, पोल्याण्ड जान ६ सय ५, साइप्रस जान ४ सय ६० जना, दक्षिण कोरिया जान २ हजार ५ सय ७४, ओमान जान ३ सय ५० र मकाउ जान ३ सय २३ जनाले श्रम स्वीकृति लिएका छन् ।

## पोर्चुगलमा...

अधिकारीले बताए । साराङकोटी पोर्तीमाउस्थित एक होटलमा कार्यरत थिए । विगत आठ वर्षदेखि घर नगएका उनी रोजगारीकै सिलसिलामा दुबई-माल्टा हुँदै आठ महिनाअघि पोर्चुगल आएका थिए । उनको शव पोर्तीमाउस्थित अस्पतालको शवगृहमा राखिएको छ ।

परिवारको आग्रहमा उनको शव नेपाल पठाउनका लागि आवश्यक तयारी भइरहेको अध्यक्ष अधिकारीले बताए । उनले शव पठाउनका लागि आर्थिक संकलन शुरु गरिएको बताउँदै सो कार्यमा सहयोग गर्न पोर्चुगलमा रहेका नेपाली समुदायसँग विशेष आग्रहसमेत गरेका छन् ।

VACANCY
ANNOUNCEMENT
WE'RE HIRING
एक प्रतिष्ठित म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
1. Pro-2 (Male/ Female)
2. Documentation Officer - 2 (Male/ Female)
3. Reception - 2 (Male/ Female)
Should have experience in related field.
SEND YOUR CV:
slddocument672@gmail.com
श्रम इजाजत नं. ६७२/०६३/६४
एस.एल.डी ईन्टरनेशनल प्रा.लि.
बसुन्धरा चौकी, धापासी, काठमाडौं, फोन नं. ०१- ५९०२८२४, ५९०२८२५
मो.:९८५१०४७३६५, ९८१८६२८४४८,

साउदीमा रोजगार
1. AJEER AL MITHALI FOR MAINTENANCE & OPERATION, SAUDI
पुर्व स्विकृति मिति: २०८०।०२।०७ चलानी नं. ६०२०१७७९ LT No. 286297

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने रू | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Cleaners | 05 | काममा दक्ष | 1000 | 35176 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

2. JADDARAH RECRUITMENT COMPANY, DAMMAM , SAUDI पून: बिज्ञापन
पुर्व स्विकृति मिति: २०७९।०८।१३ चलानी नं. ६०१९२३५१ LT No. 276885

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Laboure | 100 पुरुष | काममा दक्ष | 1000 | 35176 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०८० जेठ १६ गते (30 May 2023) हुनेछ।
वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: ० श्रम इजाजत पत्र नं. ४५४/०६०/०६१
सिद्धार्थ गौतम ओभरसिज सर्भिसेज प्रा. लि.
महाराजगञ्ज, आकृति मार्ग, काठमाडौं, फोन नं.: ४०१६२४९, ४०१६२५०

वेदकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

**Invitation for Bids**

**Date of publication: 22-5-2023 (2080-02-08)**

1. Bedkot Municipality, Kanchanpur invites electronic bids from Nepalese eligible bidders for the  Supply and Delivery of RCC Hume Pipe at different places of Bedkot Municipality under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Bedkot Municipality, Kanchanpur, Sudoor Pachism Province, Nepal or may visit PPMOwebsite www.bolpatra.gov.np/egp.

| Contract no./ID | Description of Works | Estimated amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|
| BED/NCB/G/01/079/80 | Supply and Delivery of RCC Hume Pipe at different places of Bedkot Municipality | 29,70,199.10/- | 76000/- | Rs. 3,000/- |

**Account Details:-**

Name of the Bank: NIC Asia Bank Ltd.

Name of the Office: Bedkot Municipality, Kanchanpur

Office Code no: 801077603

Office Account no: 1852050028240002

Rajaswa (revenue) Shirshak no: GA-1-1

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# भागबण्डा मिलाउन बागमतीमा मन्त्रालय थप

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ जेठ



बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले भागबण्डा मिलाउन मन्त्रालय थप्नु परेको बताएका छन् । प्रदेश प्रमुख कार्यालयमा नवनियुक्त मन्त्रीहरूको सपथ ग्रहणपछि पत्रकारहरूसँग कुरा गर्दै उनले जम्मकट्टेलले सरकारलाई पूर्णता दिन ठूलो चुनौती आएपछि संख्या बढाउन परेको बताए । मन्त्रालय थपिए पनि विभाजन नगरिएको उनले बताए। पत्रकारहरुसँग उनले भने, 'हाम्रा ११ वटा मन्त्रालय हुन्, त्यसमा एक जना बिनाविभागीय मन्त्री थपिएको हो ।'

मुख्यमन्त्री जम्मकट्टेलले सरकारमा सहभागी सबै दलहरूको प्रतिनिधित्वलाई मिलाएर लाने अवस्थामा केही जटिलता, केही अप्ठ्याराहरू आइपरेको बताए।

यसैबीच बागमती प्रदेशका नवनियुक्त ६ जना मन्त्रीले शपथ ग्रहण गरेका छन् । बागमती प्रदेश प्रमुखको कार्यालयमा प्रदेश प्रमुख यादवचन्द्र शर्माले नवनियुक्त मन्त्रीहरुलाई शपथ ग्रहण गराएका हुन् । नेपाली कांग्रेसबाट पुकार महर्जनलाई पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय, मसिना खड्कालाई वन तथा वातावरण, उत्तम जोशीलाई स्वास्थ्य मन्त्रालय र रामकृष्ण चित्रकारलाई विनाविभागीय मन्त्रीको रुपमा शपथ ग्रहण गरेका छन् । यस्तै नेकपा एकीकृत समाजवादीबाट डा. राजेन्द्रमान श्रेष्ठले कृषि तथा पशुपन्छी मन्त्रालय र लक्ष्मण लम्सालले श्रम, रोजगार तथा यातायात मन्त्रीको रुपमा शपथ ग्रहण गरेका हुन् ।

# लुम्बिनी विकास कोषलाई पर्यटन मन्त्रालयले सोध्यो १३ बुँदे स्पष्टीकरण




**काठमाडौं/मस-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले लुम्बिनी विकास कोषलाई १३ बुँदे स्पष्टीकरण सोधेको छ। मन्त्रालयले आइतबार यथार्थ विवरण पेश गर्न कोषलाई स्पष्टीकरण सोधेको हो ।

कोषको क्षेत्राधिकारभित्र तोकिएका काम सम्पादन गर्ने क्रममा कोषको हित विपरीत हुने र गैरकानूनी रुपमा भएको गुनासो तथा जानकारी पाइएको भन्दै मन्त्रालयले १५ दिनभित्र मन्त्रालयमा आइपुग्ने गरी विवरण मागेको हो ।

मन्त्रालयले महायान पोखरीमा बुद्धको मूर्ति बनाउन दिइएको अनुमति गुरुयोजना विपरीत अनधिकृत भएको गुनासो आएको भन्दै सोबारे स्पष्ट पार्न पनि भनेको छ । कोषले विभिन्न प्लट बदनियतपूर्ण तरिकाबाट आफूखुसी वितरण भएको गुनासो आएको भन्दै यसबारे समेत स्पष्टीकरण सोधेको छ । विभिन्न संस्थासँग अनिश्चितकालका लागि सम्झौता थप भएको बारे समेत विवरण माग गरिएको छ ।

मायादेवी मन्दिर परिसर वरपरको पोखरीका जीवजन्तु समेत नष्ट हुने गरी पोखरीमा करोडौंको टेन्डर निष्काशन गरिएको बारे समेत मन्त्रालयले विवरण मागेको छ । कोषमा अहिले कति संस्थाले काम गरिरहेका छन् र उनीहरुको नवीकरणको प्रक्रियाबारे समेत मन्त्रालयले स्पष्ट पार्न मन्त्रालयले आग्रह गरेको छ । कोषभित्रका परियोजनामा दिइएको ठेक्काको विधि र प्रक्रिया समेत मन्त्रालयले मागेको छ।

अहिले बनिरहेका संरचना गुरुयोजना अनुसार हुन् वा होइनन् भन्नेबारे समेत मन्त्रालयको चासो छ । कोष परिसरमा सञ्चालित मोटरबोट कुन कानुन, विधि र प्रक्रिया अवलम्बन गरी दिइएको हो भन्नेबारे समेत मन्त्रालयले चासो राखेको छ । कोषलाई ५ वर्षभित्र प्राप्त दाताको विवरण समेत मन्त्रालयले माग गरेको छ। कोषका उपाध्यक्षले संघसंस्थाबाट बुझ्ने मासिक तलबबारे समेत मन्त्रालयले विवरण मागेको छ ।

## बुढानीलकण्ठ कार दुर्घटना

# पृथ्वी मल्ललाई ४ वर्ष कैद ४० हजार जरिवाना




**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ जेठ

काठमाडौं बुढानीलकण्ठमा भएको कार दुर्घटनाका अभियुक्त पृथ्वी मल्ललाई उच्च अदालत पाटनले ४ वर्ष कैद र ४० हजार रुपैयाँ फैसला गरेको छ । न्यायाधीश राजेन्द्र खरेल र जगदिश घिमिरेको संयुक्त इजलासले आइतबार अभियुक्त पृथ्वी मल्ललाई उक्त सजाय सुनाएको हो । २०७६ मंसिर २७ गते मल्लले चलाएको कारले ठक्कर दिँदा मर्निङवाकमा निस्किएकी लीला देवकोटाको मृत्यु भएको थियो । मदिरा सेवन गरेका खुलेको थियो ।

यो मुद्दामा सरकारी वकिल कार्यालयले उनलाई १० वर्ष कैद र एक लाख जरिवानाको माग गरेको थियो । जिल्ला अदालत काठमाडौंले पृथ्वीलाई दोषी ठहर गरेपनि ६ महिना कैद र एक हजार रुपैयाँ मात्रै जरिवाना गरेको थियो । फैसलामा कम कैद र जरिवाना भएको भन्दै सरकारी वकिल कार्यालय उच्च अदालतमा पुनरावेदन गरेको थियो । मल्ललाई थुनछेकका क्रममा जिल्ला अदालत काठमाडौं र उच्च अदालत पाटनले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको थियो ।

उता सर्वोच्च अदालतमा न्यायाधीश सपना प्रधान मल्लको इजलासले मल्ललाई मानसिक समस्या देखिएको भन्दै साधारण तारेखमा रिहा गर्न आदेश दिएको थियो ।

देवचुली नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

Invitation for Online Sealed Quotation

**देवचुली नगरपालिकाको अस्पतालजन्य उपकरण विद्युतीय शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०२/०८**

यस देवचुली नगरपालिकाअन्तर्गतका देवचुली नगर अस्पतालको लागि आवश्यक पर्ने अस्पतालजन्य उपकरण खरिद गर्नुपर्ने भएकोले तपसिलबमोजिमको शर्तहरूको अधिनमा रही ईजाजत प्राप्त ईच्छुक कम्पनी तथा सप्लायर्सहरूबाट यो सूचना प्रकाशित मितिले १५औं दिन (मिति २०८०/०२/२२) सम्म विद्युतीय शिलबन्दी दरभाउ पत्र फाराम खरिद गरी **PPMO** को वेबसाइट www.bolpatra.gov.np.egp बाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। सूचनासम्बन्धी विस्तृत जानकारी नगरपालिकाको बेवसाइट www.devchulimun.gov.np बाट हेर्न सकिने छ :

**तपशिल :**

| ठेक्का नं. | विवरण | लागत अनुमान रकम (भ्याट र कन्टेनजेंसी बाहेक) | धरौटी रकम |
|---|---|---|---|
| DEV\SQ\GOODS\07\079–80 | 1 FULLY AUTOMATATED BIO–CHEMISTRY ANALYZER<br>2. FLORESCENCE IMMUNOASSAY ANALYZER | Rupees: 1673943.00 | 47700.00 |

Government of Madhesh Province
Ministry of Physical Infrastructure Development
Directorate of Transport Infrastructure
Infrastructure Development Office
Siraha

**Letter of Intention to Award**

**Date of publication: 22nd May-2023**

This is to notify that; it is our intention to award the contract for the Construction of Road Published at at Madhyanh National Daily Newspaper on dated 5th April 2023 for execution of works. Details given in the table below:

| S.N. | Name of Project | Contract Id: | Bid Price (INC. VAT And PS) NRS | Substantially responsive lowest evaluated Bidder |
|---|---|---|---|---|
| 1 | Pipra tol dekhi bihar boarder samm RCC dhalan Siraha Na.Pa-21 ,Siraha | IDOSIR-W-NCB-1-ROAD-079-080 | 1,706,530.65 | Malaya Construction, Dhangadhimai Na. Pa.11 |

**Senior Divisional Engineer, IDO, Siraha**

**जहदा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मझारे, मोरङ्ग**
**कोशी प्रदेश, नेपाल**

**निर्माण व्यवसायी श्री पुष्पाञ्जलि-जोया एण्ड ब्रदर्श जे भि इनरुवा सुनसरीलाई स्पष्टिकरण पेश गर्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति :२०८०/०२/०८**

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत तपसिलका निर्माण कार्य तपाइसँग भएको सम्झौता बमोजिमको म्यादमा प्रगति नदेखिएको तथा समयमै सम्पन्न गर्न पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत कार्यालयमा सम्पर्क नराखेको र निर्माण स्थलमा भौतिक रूपमा उपस्थित नदेखिएको हुँदा, उल्लेखित ठेक्काको कमजोर प्रगति देखिएकोले कार्यतालिका सहित ७ दिनभित्र लिखित स्पष्टिकरण यस कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । सम्झौता बमोजिम कार्यप्रगति नदेखिएमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावलि २०६४ को प्रावधान बमोजिम कार्यवाही अगाडी बढाइने व्यहोरा जानकारी गराइन्छ ।

| सि.नं. | योजनाको नाम | ठेक्का नं. | निर्माण व्यवसायीको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | Judi Khola Bridge (Between Hathibanda and Office of ward no 3) | JRM/LRB/NCB/077/078-10 | PUSPANJALI / JOYA & BROTHERS - JV INARUWA-7,SUNSARI | |

**कुमारी बैंक लिमिटेड शाखा कार्यालय दलदलेको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना**

(प्रकाशित मिति २०८०/०२/०८ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय दलदलेबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्नेतर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

**तपसिल**

**१. ऋणीको विवरणः**

प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभागको कार्यलय नवलपरासीमा मिति २०७५/०९/१७ मा दर्ता नं.६१५/१२२०६/०७५/०७६ कायम भई दर्ता रहेको नवलपरासी जिल्ला, देबचुली नं.पा., वडा नं १३ स्थित रजिस्टर्ड कार्यलय रहेको **निती कलेक्सन**का प्रोप्राइटर नर बहादुर अधिकारीको बुहारी, पदिक्षत घिमिरे उपाध्यायको छोरी, दोर्ण बहादुर अधिकारीको पत्नी, नवलपरासी जिल्ला, प्रगतिनगर गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा., वडा नं १३ बस्ने **शारदा अधिकारी** (ना.प्र.नं. ३४८१५, जारी मिति २०६०/०७/३०, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरणः**

१.नर बहादुर अधिकारीको बुहारी, पदिक्षत घिमिरे उपाध्यायको छोरी, द्रोर्ण बहादुर अधिकारीको पत्नी, नवलपरासी जिल्ला, प्रगतिनगर गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा., वडा नं १३ बस्ने **शारदा अधिकारी** (ना.प्र.नं. ३४८१५, जारी मिति २०६०/०७/३०, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

२.दान बहादुर अधिकारीको नाति, नर बहादुर अधिकारीको छोरा, शारदा अधिकारीको पति, नवलपरासी जिल्ला, प्रगतिनगर गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं १३ बस्ने **द्रोर्ण बहादुर अधिकारी** (ना.प्र.नं. २२३४३, जारी मिति २०५८/०४/१७, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

३.नर बहादुर अधिकारीको नाति, द्रोर्ण बहादुर अधिकारी/शारदा अधिकारीको छोरा, नवलपरासी जिल्ला, प्रगतिनगर गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा., वडा नं १३ बस्ने **शौजन अधिकारी** (ना.प्र.नं. ३६२०१४/१९७५, जारी मिति २०७०/०३/१७, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

**धितो सुरक्षणको विवरणः**

१. **द्रोर्ण बहादुर अधिकारी**को नाममा मालपोत कार्यालय, कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, प्रगतिनगर गा.वि.स., वडा नं. १/क स्थित कित्ता नं. १०३१, १०२३, १०२७, १०३०, १०२४ र ११४० को क्षेत्रफल क्रमश ०-०-१.२५, ०-०-१.२५, ०-०-१.२५, ०-०-१.२५, ०-०-१.२५ र ०-०-१.२५ (वि.क.धु)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत

**२. ऋणीको विवरणः**

भिमसेन परियारको नाती, भक्त बहादुर परियारको छोरा, इन्द्र कुमारी परियारको पति, नवलपरासी जिल्ला, रजहर गा.बि.स., वडा नं. ७ स्थायी घर भई हाल जिल्ला नवलपुर, देबचुली न.पा.,वडा नं. १६ बस्ने **गंगा बहादुर परियार** (ना.प्र.नं. ४९२८, जारी मिति २०५४/०३/१०, जिल्ला प्रशासन कार्यालय, नवलपरासी ) ।

**व्यक्तिगत जमानीकर्ताको विवरणः**

१. भक्त बहादुर परियारको नाती, गंगा बहादुर परियार र इन्द्र कुमारी परियारको छोरा, भावना परियारको पति, नवलपरासी जिल्ला, रजहर गा.बि.स., वडा नं. ७ स्थायी घर भई हाल जिल्ला नवलपुर, देबचुली न.पा.,वडा नं. १६ बस्ने **खेम बहादुर परियार** (ना.प्र.नं. ३६२००८/६८६, जारी मिति २०६७/०२/२५, जिल्ला प्रशासन कार्यालय, नवलपरासी) ।

**धितो सुरक्षणको विवरण**

१. **गंगा बहादुर परियार**को नाममा मालपोत कार्यालय, कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, सिसवार न.पा./गा.बि.स., वडा नं. ४/ग स्थित कित्ता नं. ८९२ को जग्गा क्षेत्रफल ०-०-१०-० (बि.क.धु )को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय दलदले, फोन नं. ०७८-५७५५४६/०७८-५७५१९४**



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

८ जेठ २०८०, सोमबार
22 May 2023, Monday

## सम्पादकीय

# गैरजिम्मेवार शैली

नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयमा बुझाउने अन्तिम तयारी प्रहरीले गरिरहेको छ । जिल्ला प्रहरी परिसर काठमाडौंले सरकारी वकिलको कार्यालयसँग समन्वय गरेरै अन्तिम छानबीन प्रतिवेदन बुझाउने तयारी गरिररहेको जनाएको छ । अनुसन्धान नसकिएपछि आइतबार नै पक्राउ परेका १६ जनाको म्याद थप जिल्ला अदालत काठमाडौंबाट भएको छ । उनीहरूमाथि अनुसन्धान चलिरहेकाले म्याद थप गर्न जिल्ला अदालत काठमाडौं लगिएको थियो । तर पूर्व उपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्व गृहमन्त्री बालकृष्ण खाँण, बहालवाला सचिव टेकनारायण पाण्डे, तत्कालीन गृह मन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राई लगायत १६ जनालाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ । ठूलो मुद्दा भएको र धेरै पक्राउ परेकाले अनुसन्धान लम्बिएको प्रहरीले जनाएको छ ।

अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयमा बुझाउन बाँकी रहेकै बेला राजनीतिक नेतृत्वबाट भने गैरजिम्मेवारी अभिव्यक्ति र गतिविधि भइरहेको देखिन्छ । आइतबार संघीय संसद बैठकबाट नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले यो प्रकरणबारे चेतावनीयुक्त अभिव्यक्ति दिए । आगामी आर्थिक वर्षका लागि संसदमा पेश भएको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिदै ओलीले नक्कली भुटानी शरणार्थी प्रकरणमा निर्दोषलाई फसाउन खोजिएको बताएका छन् । दोषी छुट्न नहुने र निर्दोष फस्न नहुने बताउँदै ओलीले आफू अझै राजनीतिमै रहने बताएर चेतावनीयुक्त सन्देश दिए । भुटानी शरणार्थी समस्याबारे आफ्नो भूमिकालाई लामो समय लगाएर प्रस्तुत गरेका ओलीले निर्दोषलाई फसाउने प्रयत्न भइरहेको बताएका छन् ।

अध्यक्ष ओलीले निर्दोष फसाउन नपाइने बताइरहँदा गृहमन्त्री नारायणकाजी श्रेष्ठले निर्दोष नफस्ने र दोषी उम्कन नपाउने सार्वजनिक अभिव्यक्ति दिए । प्रमुख प्रतिपक्षी दलका नेता ओली र गृहमन्त्री श्रेष्ठबीच सार्वजनिक आशंका-प्रतिबद्धता चलिरहँदा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले भने अचम्मको मौनता कायमै राखेका छन् । जबकी नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका पूर्वगृहमन्त्री खाँण देउवा निकट नेता हुन् । कांग्रेसका केन्द्रीय सदस्य खाँणबारे निर्णय लिन पार्टीभित्रै दबाव छ । तर सभापति देउवाले दुईपटक शीर्ष नेताहरूको बैठक राखेपनि कुनै निर्णय लिएका छैनन् । यसले देउवामाथि आशंकाले हेरिनु अस्वभाविक होइन । अर्कातिर मुलुकको अन्तर्राष्ट्रिय प्रतिष्ठामै प्रश्न उठ्ने यो प्रकरणमा प्रमुख विपक्षी दलका अध्यक्ष ओलीले लगातार निर्दोष फसाउन नपाइने बताइरहेका छन् । ओली अभिव्यक्तिको सिधा सम्बन्ध पक्राउ परेका रायमाझीसँग छ । रायमाझीलाई पार्टी सचिवबाट निलम्बन गरिएपनि ओलीले बचाउमा लगातार बोलिरहेका छन् । जसलाई मुलुकका नेतृत्वबाट भइरहेको गैरजिम्मेवार शैलीका रूपमा लिन सकिन्छ ।

# बजेटका प्राथमिकता

*आर्थिक मन्दी बढ्दै गएर बेरोजगारी र गरिबी आकाशिएको छ । खुम्चिँदै गएको आर्थिक स्रोतमा सामाजिक सुरक्षाका लागि छुट्याउन पर्ने खर्चमा प्रश्न चिह्न लाएको छ । वित्तीय अभावको यस्तो असामान्य परिस्थितिले गर्दा नीतिगत जटिलता अझ बढाएको छ ।*

**अग्रलेख**



● डा. विश्वम्भर प्याकुरेल



आर्थिक गतिविधि न्यून हुँदा स्वतः राजस्व घट्छ । यसले गर्दा बजेट घाटामा रहन्छ । अहिले हामी यही अवस्थाबाट गुज्रिरहेका छौँ । यसले गर्दा सार्वजनिक खर्च धान्न मुस्किल मात्र भएको छैन, बरु आर्थिक-सामाजिक असमानतासमेत अत्याधिक वृद्धि भएको छ । जीवनरक्षाका लागि स्वास्थ्य सेवा, खाद्यान्न उपलब्धताका लागि गरिने अस्तित्व-केन्द्रित खर्च र भौतिक पूर्वाधार र शिक्षामा गरिने लगानीबीचको खर्च विनियोजन अनिश्चित भएको छ । डलरको तुलनामा नेपाली मुद्राको अवमूल्यनले ऋणको दायित्व बढेको छ र वित्तीय 'स्पेस' साँघुरिएको छ । विश्वव्यापी मन्दीका कारण पनि वैदेशिक सहयोग घटेको छ ।

आर्थिक मन्दी बढ्दै गएर बेरोजगारी र गरिबी आकाशिएको छ । खुम्चिँदै गएको आर्थिक स्रोतमा सामाजिक सुरक्षाका लागि छुट्याउन पर्ने खर्चमा प्रश्न चिन्ह लाएको छ । वित्तीय अभावको यस्तो असामान्य परिस्थितिले गर्दा नीतिगत जटिलता अझ बढाएको छ । अर्को कुरा, बृहत् आर्थिक परिसूचकले दिएको हाँक र मन्दीतर्फ बढिरहेको अर्थतन्त्रका बीच आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट प्रस्तावित गर्नु कम हाँकपूर्ण छैन । यिनै व्यावहारिकताका बीच तत्कालिन आवश्यकता पूर्ति गर्नु र भावी समुन्नतिको सपना जिउँदो राख्नु सरकारको उत्तरदायित्व हो । यस्तो अवस्थामा सतर्कताका साथ बनाइने योजना र निर्देशित नीतिसम्बन्धी पहल आवश्यक छ ।

मन्दीलाई प्रतिवाद गर्न वित्तीय प्रोत्साहनअन्तर्गत सरकारले भौतिक संरचना, स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षामा खर्च वृद्धि गर्नु पर्दछ । पैसा नभएका बेला वित्तीय प्रोत्साहन दिने कुरा जस पाउने सिफारिस त पक्कै हैन तर, यस्तो लगानीले रोजगारी सिर्जना, आर्थिक गतिविधिमा बढावा र मन्दीबाट निर्घातरूपमा पीडित वर्गलाई साहारा दिने कुरा अवश्यम्भावी छ । मौद्रिक नीति बजेटको दायरामा नपरे पनि केन्द्रीय बैंकसँगको समझदारी अति नै आवश्यक छ । अहिले परम्परागत शैलीमा अर्थमन्त्रालय र राष्ट्र बैंक आ-आफ्नो तरिकाले स्वतन्त्ररूपमा अघि बढे भने दुर्घटना हुनसक्छ । राजनीतिक विचारधारा र लगावलाई बिर्सेर अर्थतन्त्रलाई जोगाउन पारस्परिक समझदारी आवश्यक छ । ब्याजदर घटाउने र मुद्राको परिमाणात्मक सहजताको पहल सुरु गरिसकिएको छ । यसलाई अहिलेको पछिल्लो परिसूचकअनुसार यी नीतिमा पुनर्विचार आवश्यक छ किनभने यसले व्यापारिक गतिविधिलाई बढाएर उपभोक्ताको खर्च वृद्धि गर्न सहयोग गर्छ ।

दूरगामी वित्तीय अस्थीरता नझेल्न र वित्तीय प्रोत्साहनलाई टेवा दिन अहिलेसम्म हामी ऋण लिनसक्ने क्षमताभित्रै रहेकाले ऋणको व्यवस्थापनअन्तर्गत बजेटले थप ऋणको प्रावधान राख्नु जरूरी छ । ऋण व्यवस्थापन र वित्तीय क्षेत्र छ भन्दै हरेक वर्ष बढ्दै गएको ऋणको प्राथमिकीकरण र उत्पादकत्व निगरानीमा पूर्णरुपले असफल भएकाले यसपटक दण्ड र पुरस्कारको व्यवस्था अनिवार्यरूपमा गर्नुपर्ने देखिन्छ ।

आर्थिक पुनःस्थापना ढिलो र मन्दी लम्बिएका कारण बजेटले कर सुधारलाई प्राथमिकतामा राख्नुपर्छ । यो यस्तो सुधारको परिकल्पना हो, जहाँ कर प्रगतिशील, दक्ष हुँदै आर्थिक क्रियाकलापलाई व्यवधान नपुऱ्याइ आवश्यक राजस्व संकलन गर्न सक्षम हुन पुगोस् । निजी क्षेत्र सुदृढीकरण भाषणमा सीमित छ । गर्वका साथ देखाउन सक्ने सरकारी-निजी क्षेत्र-साझेदारी (पिपिपी)का एउटा पनि उदाहरणीय परियोजना हामीसँग छैन । प्रशासनिक जटिलता न्यूनीकरण गरेर, 'डुइङ विजनेस'का तात्विक व्यवधानमा आवश्यक सुधार कार्यान्वयनमा ल्याई मन्दीबाट मर्माहित समूहको जीवन धान्नका लागि बजेटले निर्देशित कार्यक्रम ल्याउन आवश्यक छ । यी यस्ता समूह हुन् जो बोल्न पनि सक्दैनन् र जसका लागि बोली दिने समूह पनि छैन ।

हामीले बुझेर पनि बुझपचाएका कुरा के हुन् भने स्रोतको अनुपलब्धताका नाममा मानव पुँजीमा गरिने लगानीमा कञ्जुस्याइँ । शिक्षा, स्वास्थ्य सेवा, र सामाजिक सेवाले जीवनमा गुणात्मक सुधार मात्र ल्याउँदैन, यसले जनशक्तिको उत्पादकत्वमा पनि वृद्धि ल्याउँछ । यसको अर्थ यस्ता क्षेत्रमा गरिने लगानीले दीर्घकालमा आर्थिक विकासलाई सघाउँछ । हाम्रो अर्थतन्त्र सीमित क्षेत्रमा आधारित रहेको छ र ती क्षेत्रको विश्वसनीयता आकंलन गर्न नसकिने चरित्रको छ । उदाहरणका लागि हाम्रो वैदेशिक व्यापारमा विविधीकरणको अभाव छ । यसो भन्नुको अर्थ अन्य विश्वव्यापी हाँक र जटिलताको अलावा नेपालको मन्दीको मूल कारण संरचनात्मक कमी कमजोरी र कार्य सञ्चालनमा देखिने असक्षमता हो । बजेटमा यी कुरालाई ध्यानमा राख्न सकियो भने यसले निर्देशित लगानी र नियामक सुधारलाई प्रोत्साहित गर्छ ।

*जहिले पनि ज्यादै परिश्रम, संसद्बाट छानबिन तथा आरोप, प्रत्यारोपबीच बजेट त ल्याइन्छ तर बाचा गरिएको ६० प्रतिशत पुँजीगत खर्च अलपत्र भइराखेको देखिन्छ । यस्तो अवस्थामा यसपालिको बजेटमा केही सैद्धान्तिक मान्यतालाई पनि ध्यानमा राख्नुपर्छ ।*

केही वर्षयता नेपालमा जलवायु परिवर्तन गम्भीर समस्याका रुपमा देखापरेको छ । अप्रत्यासित बाढी, बढ्दो तापक्रम, भू-क्षय, हिमनदी बिस्फोट इत्यादिले खाद्य असुरक्षा र गरिबी तीव्ररूपमा वृद्धि भइरहेको छ । यसपालिको बजेटमा जलवायु परिवर्तनबाट भइरहेको क्षति न्यूनीकरण गर्न जलवायु परिवर्तन अनुकूलन नीतिका लागिसमेत स्रोत व्यवस्थापन आवश्यक छ । यसका लागि नवीकरणीय ऊर्जा, दिगो कृषि विकास र प्रकोपबाट हुने जोखिम कम गर्ने क्षेत्र प्राथमिकतामा राख्नुपर्छ । जहिले पनि ज्यादै परिश्रम, संसद्बाट छानबिन तथा आरोप, प्रत्यारोपबीच बजेट त ल्याइन्छ तर बाचा गरिएको ६० प्रतिशत पुँजीगत खर्च अलपत्र भइराखेको देखिन्छ । यस्तो अवस्थामा यसपालिको बजेटमा केही सैद्धान्तिक मान्यतालाई पनि ध्यानमा राख्नुपर्छ । वर्तमान आर्थिक अवस्थाको मूल्यांकन गर्दा आम्दानीको स्रोत, खर्चको प्रवृत्ति, मुख्य आर्थिक परिसूचक र नेपालको वर्तमान आर्थिक सामाजिक अवस्थाका प्रक्षेपणको उचित मूल्यांकन आवश्यक छ । यसका साथै हामीले पुँजीगत खर्च वृद्धि गर्न सम्भाव्य राजनीतिक विरोधकोसमेत व्यावहारिक मूल्यांकन गर्नुपर्छ ।

बजेट छुट्याउँदा कुन क्षेत्र बढी लाभान्वित हुन्छ भन्नेबारेमा जानकारी राख्न आवश्यक छ । यी यस्ता क्षेत्र हुनुपर्छ । यसले आर्थिक विकासमा बल पुऱ्याउन सकून्, रोजगारी सिर्जना गर्न सक्षम होउन् र मुलुकको विकासमा दूरगामी प्रभाव पार्न सकून् । लगानीबाट निश्चित प्रतिफल कति प्राप्त हुनसक्छ त्यसको जानकारी लिन प्रस्तावित प्रत्येक क्षेत्रको लाभ-हानि अध्ययन जरूरी छ । यो नीतिले भविष्यमा परियोजनाको प्राथमिकीकरण गर्न सहज हुन्छ । यसका साथै जोखिम व्यवस्थापन योजना पनि त्यतिकै जरूरी छ ।

प्रत्येक लगानीको योजनामा केही जोखिम हुन्छ जस्तो राजनीतिक विरोध, अर्थतन्त्रमा आएको परिवर्तन अथवा परियोजनाको असफलता । हामीले बजेट निर्माण गर्दा यस्ता सम्भावित हाँकहरुको आकंलन गरी समस्या न्यूनीकरण योजना तयार गर्नु आवश्यक छ । हाम्रो अनुभवले देखाइसकेको छ, अब साँच्चीकै पुँजीगत खर्च वृद्धि गर्ने हो भने कार्यान्वयनको समयरेखा अवश्य कोर्नुपर्ने हुन्छ । परियोजनाअनुसार आइपर्ने राजनीतिक, आर्थिक र अन्य सुविधासहित हाँकहरुको आँकलन राम्रो भएमा समाधानका विकल्प कार्यान्वयनमा ल्याउन सजिलो हुन्छ ।

परियोजनाप्रति सेवाग्राहीलाई त्यसबेला विश्वास बढ्छ जब सरकारी कर्मचारी, व्यापारिक नेतृत्वकर्ताहरु र सम्बन्धित जनसमुदायसँगको परामर्श व्यवस्थित हुन्छ । यसको लागि सार्वजनिक परामर्श, व्यापारीसँगको बैठक र राजनीतिक नेतृत्वकर्तासँग वार्ता आवश्यक छ । बजेटमा एउटा अनुसूची थपेर भएपनि पुँजीगत खर्च किन बढाउन परेको हो, स्रोतको उपयोग कसरी गरिने योजना छ, लगानीको तात्विक फाइदा के हो र आवश्यक पुँजी कसरी जगेर्ना गरिन्छ सबै कुरा पारदर्शी हुनुपर्दछ ।

अब समष्टिगतरूपमा बजेटमा छुट्याइएको क्षेत्रगत रकम कति प्रभावकारी तथा कुन दक्षताका साथ खर्च गर्न सकिने भयो, यही अनुसूचीमा अनुगमन गर्ने प्रविधिसमेत उल्लेख गर्नु आवश्यक छ । आवश्यक पर्दा प्राविधिक र वित्तीय सहयोग उपलब्ध गराउने गरेका अन्तर्राष्ट्रिय संस्थासँग पनि नजिकको सम्बन्ध राखेर सहकार्य गर्नसके उनीहरुको विश्वास जित्न र आवश्यक पर्दा सहयोग लिन सहज हुने थियो । हाम्रो मुख्य उद्देश्य बजेटप्रति जनविश्वास बढाउनु र जनताले चाँडो कार्यान्वयनको नतिजा अनुभव गर्न पाउन भन्ने नै हो ।

अन्त्यमा, अर्थ मन्त्रालयले आगामी वर्षको बजेटमा अर्थतन्त्रको पुनरुत्थान र वित्तीय स्थायित्वबीच सन्तुलन कायम गर्न सक्नुपर्छ । अहिले उत्पादनशील क्षेत्रका नाममा खर्चको सीमा अत्यधिक हुन गएमा मुद्रास्फीति र ऋणको अनुपात बढ्नसक्छ । नतिजा दिने परियोजनामा गरिएको खर्चको प्रभावकारिता कसरी बढाउन सकिन्छ, त्यसमा सरकारको क्षमता अभिवृद्धि आवश्यक छ । परियोजनामा भ्रष्टाचार नियन्त्रण गर्ने प्राविधिक र कानुनी संयन्त्र तर्जुमालाई विशेष स्थान दिनुपर्छ । निजी क्षेत्रसँग सहकार्य गर्न निश्चित परियोजना र क्षेत्रमा कर छुट, अनुदानजस्ता प्रोत्साहन दिइने कार्यलाई पूर्णरुपले नकार्न सकिन्न । लगानीको वातावरण सुदृढ गर्न कानुनी राज्यस्थापना र प्रशासनिक 'रेडटेप' हटाइने प्रावधानसमेत प्रष्ट्याउन जरूरी छ ।

**(लेखक प्याकुरेल अर्थविद् हुन् ।)**

## सामाजिक सञ्जाल



**- नवराज पन्त**

व्यापारीले घरघरमा पैसा लुकाएकोले पैसा अभाव भयो भने राष्ट्र बैंकले तत्काल रु. एक लाखभन्दा बढीको नगद भुक्तानी बन्द गर्ने र चेक डिपोजिटमात्र गर्नुपर्ने बाध्यकारी नियम ल्याउनुपर्छ, त्यो बिधिले बैंकमा नगद अभाव हुँदैन ! तैपनि पैसा निस्केन भने घर खानतलासी गर्दै बोरामा पैसा राख्नेलाई कारबाही गर्नुपर्छ ।



**- शरदराज पाठक**

धर्म निरपेक्षता कांग्रेसको एजेण्डा थिएन मात्र होइन, एकाधबाहेक अरू नेतालाई मुलुक धर्म निरपेक्ष हुने कुरा सुइँकोसम्म थिएन जसबारे सुशील कोइरालाले प्रधानमन्त्री हुँदैमा बालेका थिए । कांग्रेसका अधिकांश नेता भित्रभित्र यसको विपक्षमा छन्, तर खुलेर बोल्दैनन् । आखिर किन ?



**- केशव दाहाल**

जब राजनीति विचार, मुद्दा, इमान र उन्नत संस्कृतिको राजमार्ग छोडेर फेसबुक र टुइटरको लाइकमा अल्झन्छ, बुझे हुन्छ अब दिन सकिए । कार्यकर्तालाई लाइकको फर्मुला सिकाउने मनुवा नेता हुँदैन, चटके हुन्छ । लौ न सज्जन एमालेहरू ! कोही हुनुहुन्छ भने, कृपया उहाँलाई यतिकुरा भन्दिनुहोस् ।



**- मुराहरी पराजुली**

पुँजीवादले निजी सम्पत्तिको अक्षुण्ण अधिकारका पक्षमा वकालत गर्छ । शासक प्रशासकलाई घुस खुवाएर सार्वजनिक सम्पत्तिलाई निजी बनाउने भन्दैन । पुँजीवादी व्यवस्थामा सार्वजनिक स्रोतको मनलागी वितरण गर्ने गरी शासक प्रशासक शक्तिशाली हुँदा पनि हुँदैनन् ।

# उच्च ओहोदाको सम्पत्ति छानबिन !

**विचार**



● जयप्रकाश गुप्ता

*कर्मचारी वा सार्वजनिक पदधारी कुनै व्यक्तिको आयको कति प्रतिशतलाई बचत वा कतिलाई खर्च मान्ने ? मन लागेमा कसैको आर्जनको ७० प्रतिशतलाई बचत भन्दै उसलाई उन्मुक्ति पनि दिइन्छ । फेरि कोहीलाई फसाउनु छ भने उसको जीवनशैली विलासी प्रकारको भएकोले ७० प्रतिशत खर्च तथा ३० प्रतिशतलाई बचत पनि भनिन्छ । त्यसकारण स्पष्ट आधार नबनाइएको हुँदा भएको सम्पत्तिलाई कसरी 'गैरकानूनी' भनी ठहऱ्याउने, अवस्था अन्योल छ ।*

संसदमा राष्ट्रपतिको सम्बोधनमार्फत सरकारले अगामी आर्थिक वर्षदेखि 'उच्च ओहोदामा बसेका' व्यक्तिको गैरकानुनी सम्पत्ति छानबिन गर्ने घोषणा गरेको छ । सरकारको घोषणा स्वागत योग्य देखिन्छ । तर, कुनै ओहोदावाल व्यक्तिको सम्पत्ति 'गैरकानुनी' छ भनी ठहऱ्याउने कसरी ? यसका लागि आरोपित व्यक्ति वा छानबिनको दायरामा परेका व्यक्तिको सम्पत्तिको मूल्यांकनको कानुनी मापन हुनु अनिवार्य हुन्छ । यस कुरालाई बेमतलबको ठानिनु हुँदैन । सम्पत्ति मापनको कुनै ठोस कानुनी व्यवस्था नभएको कारणले अनुसन्धानकर्ता निकाय निकायले खेल खेल्न पाएको देखिन्छ । जसमा अदालतका फैसलाहरु पनि सर्वमान्य खालका छैनन् ।

कर्मचारी वा सार्वजनिक पदधारी कुनै व्यक्तिको आयको कति प्रतिशतलाई बचत वा कतिलाई खर्च मान्ने ? मन लागेमा कसैको आर्जनको ७० प्रतिशतलाई बचत भन्दै उसलाई उन्मुक्ति पनि दिइन्छ । फेरि कोहीलाई फसाउनु छ भने उसको जीवनशैली विलासी प्रकारको भएकोले ७० प्रतिशत खर्च तथा ३० प्रतिशतलाई बचत पनि भनिन्छ । कुनै कर्मचारी वा राजनीति गर्नेको खेतिको पुरै आयस्तालाई जिल्ला कृषि कार्यालयको मूल्यांकनको आधारमा मान्यता दिन्छ । कसैलाई सोत्तर पार्नु छ भने जागिरका लागि घर बाहिर रहेकोले कसरी खेती गर्छ र ? यसरी नै राजनीति गर्नेले केको खेती गर्नु र आयस्ता मान्नु भनिन्छ ।

